परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १३७ पृष्ठ ४ २०८२ फागुन २५ गते, सोमबार 9 March, 2025 मूल्य रु. ५/-




हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

### महोत्तरीका चारै क्षेत्रबाट

# रास्वपाको क्लिन स्वीप, सबै क्षेत्रमा विजयी




टक नेपाल

प्रतिनिधिसभा सदस्य निर्वाचन तथा उपनिर्वाचनअन्तर्गत महोत्तरी जिल्लाका चारै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारहरू विजयी भएका छन्। जिल्लाका सबै क्षेत्रमा रास्वपाले फराकिलो मतान्तरसहित जित हासिल गर्दै उल्लेखनीय सफलता प्राप्त गरेको छ।

क्षेत्र नम्बर १ मा रास्वपाका प्रमोदकुमार महतो ३४ हजार ६ सय ३६ मत प्राप्त गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। उनले नेकपाका उम्मेदवार गिरिराजमणि पोखरेललाई २१ हजार ७ सय १२ मतान्तरले पराजित गरेका हुन्। पोखरेलले १२ हजार ९ सय २४ मत प्राप्त गरे।

गौशाला नगरपालिका-८ भन्टाबारीका ४० वर्षीय महतोले एसएलसीसम्म अध्ययन गरेका छन्। क्रसर व्यवसायबाट राजनीतिमा प्रवेश गरेका उनले लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा एमाले हुँदै रास्वपामा आबद्ध भएर यो जित हासिल गरेका हुन्। यसअघि उनी २०७९ को प्रदेशसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव लडेका थिए तर पराजित भएका थिए।

क्षेत्र नम्बर २ मा पनि रास्वपाका दीपककुमार साह विजयी भएका छन्। साहले ३२ हजार ७२२ मत प्राप्त गर्दै जनता समाजवादी पार्टी नेपालका शरतसिंह भण्डारीलाई पराजित गरे। भण्डारीले १० हजार १९८ मत प्राप्त गरे।

त्यसैगरी नेपाली कांग्रेसकी किरण यादवले ९ हजार ७४५ मत र नेकपा एमालेका कासिम नदाफले ३ हजार ५२४ मत प्राप्त गरेका छन्। अन्य उम्मेदवारहरूमा नेकपाका लक्ष्मणकुमार यादवले ७३७ मत र जनमत पार्टीका जयकुमार पाण्डेयले ४६३ मत प्राप्त गरेका छन्।

क्षेत्र नम्बर ३ मा रास्वपाका उज्ज्वलकुमार झा भारी मतान्तरसहित निर्वाचित भएका छन्। उनले ३२ हजार ४५१ मत प्राप्त गर्दै नेपाल सङ्घीय समाजवादी पार्टीका मोहम्मद रिजवानलाई २६ हजार ४८२ मतान्तरले पराजित गरेका हुन्। रिजवानले ५ हजार ९६९ मत प्राप्त गरे।

स्वतन्त्र उम्मेदवार रामआधार कापरले ४ हजार ७९० मत र नेपाली कांग्रेसका बजरंग नेपालीले ४ हजार ३४२ मत प्राप्त गरेका छन्। यस क्षेत्रमा जनता समाजवादी पार्टीका शीर्ष नेता महन्थ ठाकुर निर्वाचित हुँदै आएको इतिहास भए पनि यसपटक उनकी छोरी उम्मेदवार भएर पनि ३ हजार ९४६ मतमा सीमित भइन्।

यसैगरी क्षेत्र नम्बर ४ मा भएको प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा रास्वपाकी गौरीकुमारी विजयी भएकी छन्। उनले ३० हजार १३२ मत प्राप्त गर्दै जनता समाजवादी पार्टी नेपालका सुरेन्द्रकुमार यादवलाई पराजित गरिन्। यादवले ८ हजार ७४२ मत प्राप्त गरे।

नेपाली कांग्रेसका महेन्द्रकुमार राय ६ हजार ९४४ मतसहित तेस्रो स्थानमा रहे भने नेकपा एमालेकी निलम अधिकारीले ६ हजार १९२ मत प्राप्त गरिन्। नेपाल कम्युनिष्ट पार्टीका भरतप्रसाद साहले ५ हजार ३३६ मत प्राप्त गरेका छन्।

महोत्तरी जिल्लाका चारै निर्वाचन क्षेत्रमा रास्वपाले विजय हासिल गरेपछि जिल्लाको राजनीतिक समीकरणमा ठूलो परिवर्तन आएको विश्लेषकहरूले बताएका छन्। जिल्लाका पुराना र स्थापित नेताहरूलाई पराजित गर्दै नयाँ शक्तिका रूपमा रास्वपाले उल्लेखनीय उपस्थिति जनाएको छ।




### धनुषा-१ को निर्वाचन

## परिणाम घोषणा नगर्ने आयोगको निर्णय




टक नेपाल

निर्वाचन आयोगले धनुषा-१ को निर्वाचन परिणाम घोषणा नगने निर्णय गरेको छ। आयोगले आजै धनुषा क्षेत्र नं. १ निर्वाचन अधिकृतको कार्यालयलाई पत्राचार गरेर अदालतबाट आदेश नआएसम्म निर्वाचन परिणाम घोषणा नगर्ने निर्णय गरेको हो।

आयोगले यही फागुन १८ गते धनुषा जिल्ला क्षेत्र नं. १ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार किशोरी साह 'कमल' को उम्मेदवारी कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम रहेको प्रमाण प्राप्त भएको भन्दै खारेज गर्ने निर्णय गरेको थियो।

सो निर्णयका सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन रहेकाले सो सम्बन्धमा अदालतबाट आदेश नभएसम्म धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १ को पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मत परिणाम घोषणा नगर्नु नगराउनुहुन आयोगको आजको निर्णयअनुसार अनुरोध गरिएको उनले हस्ताक्षर गरेको पत्रमा उल्लेख छ।

सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पत्र तामेल गराई सोको जानकारी आयोगसमक्ष दिन प्रदेश निर्वाचन कार्यालयलाई बोधार्थको पत्र पठाइएको पनि शाखा अधिकृत (कानून) अधिकारीले बताए।

## मदिरा पसलमा आगजनी, लाखौंको क्षति

टक नेपाल

महोत्तरीको गौशाला-१०, इमली बजार स्थित एक मदिरा पसलमा आगजनी भएको छ। बजारको मध्यभागमा रहेको दीपेन्द्र मदिरा पसलमा आगजनी हुँदा ९ लाख मूल्य बराबरको धनमालको क्षति भएको जनाइएको छ।

आगजनी गरेको आशङ्कामा प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको छ। बजारका प्रत्यक्षदर्शी एवं सिसी क्यामराको फुटेज अनुसार आगजनी शनिबार (हिजो) मध्यराति करिब १ बजेतिर भएको देखिएको छ।

घटनास्थल नजिकै रहेको पप्पु ट्रेडर्सका प्रोपराइटर प्रमोद महतोका अनुसार मध्य रातको समयमा अनुहार छोपेर आएका एकजना अपरिचित व्यक्तिले पसलमा पेट्रोलजस्तो पदार्थ छर्केर आगो लगाइ पूर्वतर्फ भागको फुटेजमा देखिएको छ।

आगो दन्केर काठको पसल घर रहेको मदिराका बोतलहरू ठुला आवाजमा पडकन थालेपछि छिमेकी पसलेहरूले थाहा पाएपछि हारगुहार गर्दै स्थानीय व्यवसायी र गाउँलेको प्रयासमा करिब एक घण्टापछि आगो नियन्त्रणमा आएको थियो।

त्यसबेलासम्म पसल पूर्णतः जलिसकेको थियो। पीडित मदिरा पसले दीपेन्द्र महतोका अनुसार आफू शनिबार (हिजो) राति करिब ११ बजेतिर पसल बन्द गरी एक किलोमिटर पश्चिम रहेको कालीपुरस्थित घरमा सुत्न गएको मौका छोपी सुनसान पसलमा आगजनी गरेको बताउनुभयो।

उहाँका अनुसार आगोले करिब ५ लाखका मदिरा, कोक, फ्रुटी, फ्रिज, पसल घर, आवश्यक बिल, हिसाब किताबको खाताबही लगायत करिब १० लाख मूल्य बराबरको धनमाल खरानी भएको बताउनुभयो।



टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

## नारी समानता

मार्च ८ मा मनाइने अन्तर्राष्ट्रिय नारी दिवस केवल उत्सवको दिन मात्र होइन, महिलाले अधिकार, सम्मान र समानताका लागि गरेको लामो सङ्घर्षको स्मरण गर्ने अवसर हो। विश्व इतिहासमा महिलाले श्रम, अधिकार र समान अवसरका लागि निरन्तर आवाज उठाउँदै आएका छन्। औद्योगिक क्रान्तिपछि कारखानामा काम गर्ने महिलाले कम तलब, लामो कार्यघण्टा र असुरक्षित वातावरणको सामना गर्नुपरेको थियो। त्यही अन्यायविरुद्ध सन् १९०८ मा न्युयोर्कका महिला श्रमिकले गरेको आन्दोलनले विश्वव्यापी महिला अधिकार अभियानलाई बलियो आधार दियो।

नेपालमा पनि नारी सङ्घर्षको इतिहास गहिरो र प्रेरणादायी छ। राणा शासनकालमा महिलामाथि विभिन्न सामाजिक कुरीति र विभेद कायम थिए। यस्तो कठिन परिस्थितिमा पनि योगमाया न्यौपाने जस्ता साहसी महिलाले अन्यायविरुद्ध आवाज उठाए र परिवर्तनको चेतना जगाए। त्यसपछि प्रजातान्त्रिक आन्दोलन, जनआन्दोलन र संविधान निर्माणसम्म आइपुग्दा नेपाली महिलाले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

यद्यपि, महिलाको अवस्था अझै पूर्ण रूपमा सन्तोषजनक छैन। पितृसत्तात्मक सोच, घरेलु हिंसा, शिक्षा र रोजगारीमा असमानता तथा आर्थिक निर्भरता जस्ता समस्या अझै विद्यमान छन्।

नारी दिवसको वास्तविक सार केवल कार्यक्रम र औपचारिकतामा सीमित हुनु हुँदैन। यसको लक्ष्य व्यवहारिक परिवर्तन ल्याउनु हो। जबसम्म हरेक महिला सुरक्षित, शिक्षित, आत्मनिर्भर र सम्मानित हुँदैनन्, तबसम्म नारी समानताको यात्रा जारी नै रहनेछ।

# बदलिएको कांग्रेसले किन बदल्न सकेन जनमत ?

• टक नेपाल




गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि नेपाली कांग्रेसका तत्कालीन महामन्त्री गगन थापाले भनेका थिए, 'नागरिकले सुशासन खोजेका छन्, नेतृत्व परिवर्तन खोजेका छन् । पुरानै सभापतिबाट निर्वाचनमा जान सकिन्न । सके नियमित महाधिवेशन, सम्भव नभए विशेष महाधिवेशन गरेर भए पनि नेतृत्व परिवर्तन गरेर प्रतिनिधि सभा निर्वाचनमा पार्टी जानुपर्छ/जान्छ ।'

यो विषयमा कांग्रेसमा व्यापक बहस भयो । १४औँ महाधिवेशनबाट सभापतिमा निर्वाचित शेरबहादुर देउवा र उनका निकटतम प्रतिस्पर्धी डा. शेखर कोइरालाले निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा नियमित र विशेष महाधिवेशन हुने सम्भावना नभएको बताए । तर, थापा र तत्कालीन अर्का महामन्त्री विश्वप्रकाश शर्माले उनीहरूको भनाइलाई 'इग्नोर' गर्दै सके नियमित महाधिवेशन, नसके विशेष महाधिवेशन भन्ने अडानलाई बढाउँदै लगे ।

गत असोज २८ गते कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक बस्यो । आन्दोलनका क्रममा भदौ २४ गते आफ्नै निवास बूढानीलकण्ठमा मरणासन्न हुनेगरी भएको कुटपिटबाट घाइते भएका सभापति देउवाले बैठकको सुरुवातमै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिए ।

खड्काले कार्यवाहक पाएको अर्कोदिन असोज २९ गते थापा र शर्माको अगुवाइमा विशेष महाधिवेशन माग गर्दै २ हजार ४८८ महाधिवेशन प्रतिनिधिको हस्ताक्षर बुझाइयो । कांग्रेस विधानमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले कारण खोलेर माग गरेको ९० दिनभित्र केन्द्रीय कार्यसमितिले विशेष महाधिवेशन बोलाउनुपर्ने व्यवस्था छ ।

तर, केन्द्रीय कार्यसमितिले नबोलाएपछि थापा र शर्माको अगुवाइमा पुस २७ देखि ३० गतेसम्म काठमाडौँको भृकुटीमण्डपमा विशेष महाधिवेशन आयोजना गरियो । त्यो विशेष महाधिवेशनलाई देउवा र डा. कोइराला समूहले स्वीकार गरेनन् । विशेष महाधिवेशन अवैधानिक भन्दै देउवा र कोइराला समूहले दायर गरेको रिट अहिले पनि सर्वोच्च अदालतमा विचाराधीन छ र फागुन २७ गते पेसी तोकिएको छ ।

विशेष महाधिवेशनबाट थापाको सभापतित्वमा नयाँ कार्यसमिति चयन भयो, जसमा शर्मा उपसभापति चुनिए ।

विशेष महाधिवेशनका बेलामा थापाले भनेका थिए, 'देउवाले चुनाव प्रचारप्रसारका क्रममा ५ पाइला चाले पनि पार्टी र उम्मेदवारको मत घट्छ ।' त्यो सुनेका देउवा न आफू निर्वाचनमा उम्मेदवार भए, न प्रचारप्रसारका लागि हिँडे । मतदानका लागि गृहजिल्ला डडेलधुरासमेत उनी गएनन् । उनी अहिले उपचारका लागि सिंगापुरमा छन् ।

नीति र नेतृत्व बदलिएर नयाँ बनेको कांग्रेसले निर्वाचनमा बहार ल्याउने सभापति थापा र उपसभापति शर्माले बताउँदै आएका थिए । 'अब की बार १०० पार' भन्ने नारा नै लाउन निर्वाचन प्रचारप्रसारका क्रममा थापाले भनेका थिए ।

तर, विशेष महाधिवेशनबाट नीति र नेतृत्व परिवर्तन गरी निर्वाचनमा होमिएको कांग्रेसले टिकट दिएर उम्मेदवार बनाएकाहरूले निर्वाचन जित्न सकेनन् । ०७९ को निर्वाचनमा प्रतिनिधि सभामा ५७ प्रत्यक्षतर्फ जितेको कांग्रेसका अहिले १७ उम्मेदवारमात्र प्रत्यक्षतर्फ निर्वाचित भएका छन् । मतगणना बाँकी रहेका स्थानमा कांग्रेसको अग्रता देखिँदैन ।

यसरी हेर्दा जेनजी विद्रोहपछि विशेष महाधिवेशनमार्फत नीति र नेतृत्वमा परिवर्तन गर्दै चुनावमा होमिएको कांग्रेसलाई जनताले पत्याएनन् भन्न सकिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीको बहार आएको यो निर्वाचनमा कांग्रेसले ठुलो धक्का बेहोर्‍यो ।

०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ सिट जित्दै ८८ सिटसहितसबैभन्दा ठुलो दल बनेको कांग्रेस अहिले ठुलो अन्तरका साथ दोस्रो स्थानमा खुम्चिएको छ ।

विशेष महाधिवेशनबाट सभापति चुनिएका थापा सर्लाही-४ मा डा. अमरेशकुमार सिंहसँग पराजित भए । निर्वाचनमा पराजित भएपछि निर्वाचन परिचालन समितिको संयोजकसमेत रहेका उपसभापति विश्वप्रकाश शर्माले भिडियो सन्देश जारी गर्दै निर्वाचनको परिणाम पार्टीका लागि अनुकूल नभएको बताए । उनले भनेका छन्, 'निर्वाचन परिणाम कांग्रेसको अनुकूल भएन । यो अनपेक्षित वा अप्रत्याशित भने होइन । चाँडै केन्द्रीय कार्यसमिति बैठक बसेर समीक्षा गर्नेछौँ । विशेष महाधिवेशनमार्फत नीति र नेतृत्व परिवर्तन गरिए पनि चुनाव हुनुअघि करिब ५० दिन मात्रै समय भएकाले मतदातासम्म नयाँ सन्देश प्रभावकारी रूपमा पुर्‍याउन नसक्दा पनि निर्वाचन परिणाममा असर पर्‍यो ।'

कांग्रेस प्रवक्ता देवराज चालिसेले सुनामीको मारमा परिएको प्रतिक्रिया दिए । 'छाल आउँदा केही बाँकी रहन्छ, तर सुनामी नै आयो । त्यसको मारमा हामी पर्‍यौँ,' प्रवक्ता चालिसेले रातोपाटीसँग भने ।

शर्माले पार्टीको पराजयका कारण आन्तरिक कमजोरी र बाह्य परिस्थितिसमेत रहेको पनि भिडियो सन्देशमा दाबी गरेका छन् ।

मुख्यगरी पुरानो संस्थापनलाई निर्वाचनअघि विशेष महाधिवेशनबाट आएको नेतृत्वले वास्ता गरेन । नयाँ नेतृत्वले वास्ता नगरेपछि पुराना नेताहरू उनीहरूको पछि लाग्न आवश्यक ठानेनन् । निवर्तमान सभापति देउवा, निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेताहरू प्रकाशमान सिंह, डा. शशांक कोइराला, डा. आरजु राणा देउवा प्रचारप्रसारमै गएनन् ।

विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आए पनि पार्टीको ठुलो पङ्क्ति देउवा र डा. कोइरालासँगै थियो । त्यो पङ्क्ति निर्वाचनमा नलागी मौन बस्यो, जसको प्रभाव कांग्रेसका उम्मेदवारलाई परेको देखिन्छ ।

निर्वाचनको केही दिन अगाडि रातोपाटीसँग कुरा गर्दै पार्टी प्रवक्ता चालिसेले भनेका थिए, 'हामीलाई बाहिरभन्दा पार्टीभित्रै मिलाउन गाह्रो भइरहेको छ । पार्टीभित्र मिलाउन सक्यौँ भने राम्रो सिट जित्छौँ ।' अहिलेको नतिजाले पार्टी मिलाउन उनीहरू असफल भएको देखिन्छ ।

देउवा समूहका एक नेताले नयाँ नेतृत्वले जनमत भएका पुराना नेताहरूलाई बेवास्ता गर्दा यो अवस्था आएको बताउँछन् । ती नेताले रातोपाटीसँग भने, 'अरु जनमत भएका नेताहरूलाई मिलाउने जिम्मा नेतृत्वको हो । उहाँहरूले मिलाउन सक्नुभएन । त्यसको असर निर्वाचनमा पर्‍यो ।'

कांग्रेसले यस्तो अप्रत्याशित नतिजा यसअघिका निर्वाचनमा पनि झेल्दै आएको थियो । २०१५ सालमा भएको निर्वाचनमा प्रतिनिधि सभाका १०८ सिटमध्ये ७५ सिट जितेको कांग्रेसले जनआन्दोलन सफल भएपछि २०४८ सालमा सम्पन्न दोस्रो प्रतिनिधि सभाका २०५ सिटमध्ये ११० सिटसहित बहुमत ल्यायो । ०५१ मा भएको मध्यावधि निर्वाचनमा कांग्रेस ८३ सिटमात्रै जित्दै दोस्रो भयो भने ०५६ मा भएको निर्वाचनमा कांग्रेसले बहुमत प्राप्त गर्‍यो । ०५६ सालको निर्वाचनमा १११ सिटसहित कांग्रेसले बहुमत पाएको थियो ।

२०६४ सालमा भएको पहिलो संविधान सभा निर्वाचनमा कांग्रेसले फेरि अप्रत्याशित हार बेहोर्‍यो । प्रत्यक्ष र समानुपातिक गरी ६०१ सिटमध्ये प्रत्यक्ष र समानुपातिक जोड्दा ११० सिट जितेर कांग्रेस दोस्रोमा सीमित भयो । ०७० को दोस्रो संविधान सभा निर्वाचनमा कांग्रेसले प्रत्यक्ष र समानुपातिक गरी १९६ मत ल्याएर पुनः पहिलो पार्टी बन्यो ।२०७४ सालमा भएको प्रतिनिधि सभा निर्वाचनमा २७५ सिटमध्ये कांग्रेसले ६३ सिटमात्रै ल्यायो । ०७९ को चुनावमा कांग्रेस ८८ सिट जितेर पहिलो भएको कांग्रेस अहिले फेरि दोस्रोमा खुम्चिएको छ ।







# नेपालको सबैभन्दा जवाफदेही प्रधानमन्त्री

● टक नेपाल




भदौ २३ गते, २०८२ साल, सोमवारको दिन नेपालको इतिहासमा कहिले पनि क्षम्य हुन नसक्ने घटना घट्यो। प्रहरीले जता पायो उतै ताकेर प्रदर्शनकारीहरूमाथि गोली वर्षायो। कलिला विद्यार्थीको घाँटी, मुटु, छाती जताततै गोली लाग्न थाल्यो; ६ घन्टाको बीचमा १९ जनाको हत्या भयो।

त्यो मृत्यु होइन, हत्या नै थियो। त्यो सत्ताको बर्बरता थियो। आफूभन्दा दुई पुस्ता तलकाले केही गर्न सक्छन् भन्ने कल्पनासम्म नगरेकाहरूले, जसरी भए पनि सत्ता र शक्तिमै रहिरहन गरेको निर्दयीपनको हद थियो।

भोलिपल्ट, सायद धेरै अघिल्लो दिनको आक्रोश र अलिकति घुसपैठ (यसको जवाफ कार्की आयोगको रिपोर्टले दिन्छ होला!) ले अर्को विध्वंस मच्चियो। नेताका घर जले; सिंहदरबार जल्यो; सर्वोच्च अदालत जल्यो; थुप्रै व्यापारिक र सरकारी भवनहरू जले।

यो दिन यत्तिकै आएको थिएन। तीस वर्षदेखिको राजनीतिक र नीतिगत भ्रष्टाचारले नेताहरूले थुपारेका अकुत सम्पत्ति, देश र जनताको दिन-प्रतिदिनको समस्या समाधान नहुँदा भोगेको नैराश्यता, देशमा रोजगारी सिर्जना नहुँदा घरघरबाट खाडी, कतार, मलेसिया पुग्नुपर्दाको पीडा सबै समेटिएको थियो।

सोमवार शान्तिपूर्ण प्रदर्शनको आह्वान गरियो। मंगलवार जताततैको अराजक गतिविधिले विषम परिस्थितिको अवस्था खडा गऱ्यो। बुधवार 'डिस्कोर्ड' लगायतका सामाजिक सञ्जालबाट अन्तरिम सरकारको प्रधानमन्त्री कसलाई बनाउने भनेर भोट गरियो। बिहीवार सरकार गठन गर्ने कानुनी कुराहरूबारे छलफल भयो र शुक्रवार नयाँ प्रधानमन्त्रीले शपथ खानुभयो। यति छिटो सत्ता परिवर्तन कहाँ हुनसक्छ होला !

यहाँनिर एउटा स्मरणीय कुरा के छ भने, युवाहरूको रोजाइमा देशले पहिलो महिला प्रधानमन्त्री पायो। यो निर्णय, महिला नै हुनुपर्छ भनेर भएको होइन; संकटको घडीमा युवाहरूको आड, भरोसा र विश्वास लिएर देश अगाडि बढाउन सक्ने नेतृत्वमा उहाँ छानिनुभयो। उहाँको नाम सुशीला कार्की थियो, जो देशको पहिलो महिला प्रधानन्यायाधीश हुनुहुन्थ्यो।

तर प्रधानमन्त्री भएको दिनदेखि पुराना सत्ताका चाटुकारहरूका साथै प्रायःजसो नेतृत्व पंक्तिका व्यक्तिहरूले समेत बस्न-खान दिएनन्। त्यतिमात्रै होइन, जुन नवयुवाहरूले उहाँको नाम डिस्कोर्डबाट छानेर पठाएका थिए, उनीहरूले समेत टोकस्न छाडेनन्; ' अहिले नै सत्ता छाड्नुस् !' भनेर धम्क्याइरहे।

उहाँमाथि कस्ता-कस्ता आरोप लगाइए भनेर लेख्न पनि लाज लाग्छ। कसैले पिसाब फेर्न बसेर उठ्न नसक्ने, कसैले पूर्वराजाका छोरीको सम्पत्तिसम्बन्धी मुद्दा हराइदिएकोले प्रधानमन्त्रीको पदमा रहन योग्य नभएको, कसैले सारी फेरि-फेरि लगाउने, कसैले विदेशीको दलालसँग मिलेर देश डुबाउन लागेको, कसैले देशलाई खरानी पारेर आफू सत्तामा जान चाहेको आदि-आदि आरोप लगाइरहे।

त्यो समयमा दुईवटी महिलाको हदैसम्म अपमान भइरह्यो; पहिलो- प्रधानमन्त्री कार्की र दोस्रो- बारबरा एडम्स। प्रधानमन्त्री कार्की त जीवित नै हुनुहुन्छ, उहाँमाथि लागेको आरोप त उहाँले चाहनुभएको खण्डमा जवाफ पनि दिन सक्नुहुन्थ्यो; तर उहिल्यै यो संसार छाडेर गइसकेकी बारबरा बारम्बार अपमानित भइरहनुभयो।

अर्का स्वघोषित नेता दुर्गा प्रसाईं र राजावादीहरूको डफ्फाले त सक्ने भए उहिल्यै कुर्सीबाट खेदिसकेका हुन्थे। अन्टसन्ट बक्ने ज्योतिषीहरूका त के कुरा गर्नु र !

यो सन्दर्भमा सबैभन्दा दुःख लागेको कुरा त, बारबरा एडम्स जीवित हुँदा रातदिन समय बिताएकाहरू हुन् वा फाउन्डेसनबाट मनग्गे फाइदा लिएकाहरूले समेत दिवंगत एडम्सलाई लगाइएको आरोपबारे एक शब्द बोल्न चाहेनन्। यहाँनिर अचम्म त के लाग्यो भने, जुन बारबराले पचासौँ वर्ष नेपालमा बिताएर दिवंगत हुनुभन्दा एकाध वर्ष अगाडिसम्म नेपाली नागरिकता लिनका लागि संघर्ष नै गरिरहनुपरेको थियो, यदि उहाँ वा त्यो संस्था त्यति शक्तिशाली थियो भने, उहाँले त्यतिबेलै आफूले चाहेको कुरा तुरुन्तै हासिल गर्न सक्नुहुन्नथ्यो होला ? खैर, यो सन्दर्भलाई यहीँ रोकौँ।

फागुन २१ गते चुनाव सिद्धिएपश्चात् पत्रकार तथा बुलबुल प्रकाशनका संस्थापक अच्युत घिमिरेले सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभयो, 'भदौको अन्तिम हप्तादेखि लगातार वा आंशिक रूपमा प्रधानमन्त्रीलाई बारबराको नियुक्ति, विदेशी चलखेल, पक्षपोषण गर्न आएकी, कांग्रेस श्रीमान्‌की पत्नी भएकीले कांग्रेसलाई जिताउन आएकी, हिँड्न नसक्ने, प्रधानन्यायाधीश हुँदादेखि गल्ती गरेकी जस्ता घटिया स्तरको प्रहार भयो। यति मात्र कहाँ हो र ? लोकतन्त्र भँड्खालोमा पऱ्यो, प्रम पद पाउनकै लागि भदौ २३ मा सडकमा बोल्न आएकी, जेनजी आन्दोलनको तयारीमै यिनको हात थियो समेत भन्ने आरोप लगाए। प्रम खान उफ्रँदै सडकमा निस्केकी जस्ता क्षुद्र वचन सोसियल मिडियामै लेख्नेहरूले कृपया आज उहाँको तारिफ नगर्नुहोला ! तपाईं दुईजिब्रे नबन्नुस् ! एउटा सर्तमा तपाईंले उहाँको तारिफ गर्न सक्नुहुन्छ- म सोसियल मिडियामा त्यसै बहकिने पिँध नभएको लोटा रहेछु, बल्ल बुद्धि फिऱ्यो; आइन्दा मनमा शंका लागेकै भरमा वा कसैको चरित्र हत्या गर्न जे पायो त्यही भन्ने छैन !'

रह्यो चुनावको कुरा। हामी ६ महिना भन्छौँ, तर पूरा ६ महिना उहाँले पाउनुभएन। ५ महिना र चानचुन समयमा आगोको भुङ्ग्रोमाथि सरकार बनाउन लगाएर 'अनि ६ महिनाभित्र चुनाव गराऊ' भन्नु आफैँमा तिमी पनि फेल भइहाल्छौ भनेर दिएको डेडलाइन थियो। नपत्याए सम्झिनुस् असोजदेखि आजसम्मका घटनाक्रम।

१५ दिनअघिसम्म पनि यो चुनाव पक्का हुन्छ भन्ने तपाईं-हामी कसैलाई ढुक्क थिएन। हिजोसम्म तरलताको फाइदा उठाउँदै नाथु एउटा फलित ज्योतिषसमेत उफ्रँदै थियो- 'चुनाव हुनै सक्दैन' भनेर ! खोइ त उसको भविष्यवाणी मिल्यो ? अब मतगणना जेसुकै होस्, चुनाव भयो त। एक थोपो रगत नबगी चुनाव सम्पन्न भयो। ५५-६० प्रतिशत हाराहारीमा भोट खस्नु सफल चुनाव हो।

धमिलो पानीमाथि माछा मार्नेहरू कति थिए ? 'बारम्बार चुनाव हुन्न, भए पनि निष्पक्ष हुन्न' भनेर जनताको मनोविज्ञान बिगार्ने गरी कराइरहने एउटा ठूलो पार्टीका अध्यक्ष, सबैको नाडी छामिसकेर अन्त्यमा 'राजावादी हुँ' भन्दै सबैतिर मै हुँ भन्ने र राजा र धर्मको दुहाइ दिने अनि सरकार पूरा विदेशी इसाराको भन्ने देखाउन खोज्ने गुण्डा शैलीको एउटा शक्ति, जेनजी नाम भजाएर स्वार्थ पूर्ति गर्न तम्सेको अराजक अको' झुन्ड, वर्षात्मा आएको त्यत्रो ठूलो बाढीपहिरो, अन्तर्राष्ट्रिय अहिलेको विषम परिस्थिति, त्यसमाथि पनि स्वच्छ छविका भन्दै हात जोडी-जोडी क्याबिनेटमा ल्याइएका सेलिब्रेटी मन्त्रीहरूको पार्टी खोल्ने मोह ! बाफ रे ! कुन कुराले साथ दियो र उहाँलाई ?'

हुन पनि, चुनाव हुने ठीक ६ दिन अगाडि कान्तिपुर रेडियोसँग गरेको कुराकानीमा भदौ २३ गते प्रदर्शनकारीहरूको आक्रोशबाट बच्न बालुवाटारबाट हेलिकप्टर चढेर भाग्नुभएका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले फागुन २१ गते चुनाव नहुने आशयको सन्देश दिइरहनुभएको थियो। तर चुनावको लगत्तै संविधानविद् भीमार्जुन आचार्यले सामाजिक सञ्जालमै लेख्न भ्याउनुभयो, 'परिणाम जसको पक्षमा जाला, सरकार जुन दलले बनाउला, तर अहिलेलाई तोकिएको समयमा चुनाव सम्पन्न हुनु नै एउटा उपलब्धि हो। यो हाम्रो बाध्यता हो। चुनाव हुन नसक्दाको अवस्था भयावह थियो। सामाजिक एकता, देशको दीर्घायु र सहज राजनीतिक वातावरण हाम्रो चाहना हो भने सरकार र यसको नेतृत्वको देवत्वकरण र भविष्यमा उनीहरूका लागि अर्को 'एक्स्ट्रा कन्स्टिच्युसनल' जिम्मेवारीको वातावरण सेट गरिदिने काम बन्द गरौँ।

हामीले बिर्सनु हुँदैन, हिजोको संसद्‌का दलहरूले निर्वाचनमा भाग नलिइदिएको भए यो निर्वाचन सम्भव थिएन। सुरक्षा निकायको सार्थक सहयोग नरहेको भए यो निर्वाचन सम्भव थिएन। निर्वाचन आयोग र समस्त कर्मचारीहरू कर्तव्यनिष्ठ नभइदिएको भए यो निर्वाचन सम्भव थिएन। राष्ट्रपतिले दल र सरकारका बीच अभिभावकीय भूमिका निर्वाह नगरिदिएको भए यो निर्वाचन सम्भव थिएन। आम नागरिक, मिडिया, बुद्धिजीवी सबैले चुनावी माहोल निर्माण गर्ने पहल नगरिदिएको भए यो निर्वाचन सम्भव थिएन। मतदाताहरू निर्वाचनमा सरिक नभइदिएको भए यो निर्वाचन सम्भव थिएन। अतः फेरि अर्को एक्स्ट्रा कन्स्टिच्युसनल र 'नन-कन्स्टिच्युसनल' कामका लागि कसैलाई उचाल्ने र फुरकाउने मिसनमा नलागौँ। सबैको सामूहिक पहलबाट नै यो काम आधा सम्पन्न भएको हो। सबै चुनौती बाँकी नै छन्। देशको दीर्घायुको कामना गरौँ।'

यो ६ महिनाको अवधिमा अत्यन्तै आदर र सम्मान आर्जन गर्न सफल हुनुभएकी प्रम कार्की, देशलाई भ्रष्टाचारीको चंगुलबाट जोगाउन आफ्नो जीवनको आहुति दिएका आन्दोलनका सहिदहरू, घाइते योद्धाहरू तथा आन्दोलनकारी नवयुवाहरू, अभिभावकीय भूमिका निभाउने सम्माननीय राष्ट्रपतिज्यू, निर्वाचन आयोगका पदाधिकारीहरूलगायत सबैलाई उच्च सम्मान

उहाँको अन्य कुरासँग असहमति राख्नुपर्ने कुरा छैन, बाहेक- 'सरकार र यसको नेतृत्वको देवत्वकरण र भविष्यमा उनीहरूका लागि अर्को एक्स्ट्रा कन्स्टिच्युसनल जिम्मेवारीको वातावरण सेट गरिदिने काम बन्द गरौँ।'

हो, एक्स्ट्रा कन्स्टिच्युसनल जिम्मेवारीको वातावरण सेट गर्ने काम अब आइन्दा पक्कै गरिनु हुन्न; नयाँ सरकारले यसका लागि बेलैमा सोचेर संविधान संशोधन प्रक्रिया पनि सुरु गर्नुपर्छ। तर यसको मतलब प्रम कार्कीको नेतृत्वको सफलतालाई तारिफ गर्न कन्जुस्याइँ गर्नुपर्छ र ?

फेरि एकपटक अच्युत घिमिरेकै शब्दहरू सापटी लिऔँ, उहाँ भन्नुहुन्छ, 'अहिले प्रधानमन्त्रीका लागि नाम प्रस्तावित भएका ४ जना पुरुष (वृद्ध वा तरुण) कसैमा पनि सुशीला कार्की जति क्षमता र धैर्य छैन भन्नेमा म 'कन्फर्म' छु। त्यसैले न भूतो न भविष्यति। सुशीला कार्की जस्तो सरकार प्रमुख पाउन हामीले वर्षौँ कुर्नुपर्छ। अब जो प्रधानमन्त्री बन्नेछ, उसले कम्तीमा सुशीला कार्कीलाई घोषित-अघोषित सल्लाहकार मानेर उहाँको अर्ति अक्षरशः पालना गऱ्यो भने धेरै सुधार हुनेछ भन्नेमा विश्वस्त छु।'

सामाजिक अभियन्ता साबित्रा ढकाल, प्रम कार्कीको नेतृत्वको सफलताबारे आफ्नो विचार राख्नुहुन्छ, 'डिस्कोर्डबाट चयन गरिएको प्रधानमन्त्री नेपालको सबैभन्दा जवाफदेही प्रधानमन्त्री बन्न सफल ! नागरिकको मतबाट निर्वाचित प्रधानमन्त्रीहरू सरकार र आफूलाई मत दिने जनताप्रति जवाफदेही नदेखिएको अवस्थामा तपाईंले नयाँ मानक स्थापित गर्नुभयो। तपाईंले गर्विलो इतिहास रच्नुभयो र महिलाहरूलाई गर्व गर्ने अवसर दिनुभयो।'

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



## नेकपाको ओरालो यात्रा
# १२ वर्षसम्म तेस्रो, अब चौथो



टक नेपाल

नेपाली कम्युनिस्ट पार्टीले इतिहासकै प्रतिकूलताको सामना गरेको छ। फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेकपा ७ सिट जितेर चौथो स्थानमा पुगेको छ । प्रत्यक्षतर्फ लज्जास्पद हार व्हादा समानुपातिकतर्फ पनि उत्साहजनक मत ल्याउन सकेको छैन ।

आइतबार अपरान्ह ५ बजेसम्म ४५ लाख ३० हजार ९१३ मत गणना हुँदा नेकपाले जम्मा तीन लाख चार हजार ६२ मत प्राप्त गरेको छ। २०५२-०६२ सालमा माओवादी सशस्त्र विद्रोहको रापताप र २०६२/६३ सालमा भएको जनआन्दोलनबाट स्थापित भएको नेकपाको अस्तित्व संकटमा पने देखिन्छ । भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण तत्कालीन केपी ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकार ढलेपछि ताजा जनादेशका लागि पूर्वन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले संसद् विघटन गरी निर्वाचन घोषणा गरेको थियो ।

यस निर्वाचनमा तीन वर्ष अगाडि खुलेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुईतिहाइ सरकार बनाउने गरी अगाडि बढिरहँदा पुराना दल कांग्रेस, एमाले र नेकपा गम्भीर संकटमा धकेलिएका छन् । २०४६ सालमा राजनीतिक परिवर्तनपछि २०४८ सालमा भएको निर्वाचनमा तत्कालीन नेकपा एकताकेन्द्रको खुला मोर्चा संयुक्त जनमोर्चाले ९ सिट जितेर तेस्रो दल बनेको थियो ।

२०५१ सालमा भएको मध्यावधि बहिष्कार गरी हाल नेकपाको मूल घटक माओवादीले बहिष्कार गरी युद्धमा होमियो । २०६२ सालमा त्यतिबेलाका संसद्वादी ७ राजनीतिक दल र माओवादीबिच १२ बुँदे सम्झौता भएपछि २०६२/०६३ सालमा भएको दोस्रो जनआन्दोलनले परम्परागत राजतन्त्र ढाल्यो । २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा माओवादीले २२९ सिट जितेर पहिलो दल बनेको थियो । २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा ८३ सिट जितेर तेस्रो दलमा खुम्चियो । त्यसयता हरेक निर्वाचनमा जनम खस्किँदै गएपनि तेस्रो स्थान कायमै राखेको थियो ।

२०७४ सालमा दुई ठुला वामपन्थी दल नेकपा एमाले र माओवादी केन्द्र मिलेर नेपाल कम्युनिस्ट पार्टी बनाए । त्यतिबेला नेकपाले १७४ सिट जितेर झण्डै दुईतिहाइ मत प्राप्त गरेको थियो । २०७९ सालमा ३२ सिट जितेर तेस्रो स्थानमा राख्यो । यो निर्वाचनमा निर्णायक राजनीतिक शक्ति बन्ने योजना सहित माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले विभिन्न २५ घटकलाई मिलाएर नेकपा बनाएका थिए । तर रास्वपाको पक्षमा देखिएको अनपेक्षित जनलहरका कारण नेकपा खराब नतिजासँगै चौथो स्थानमा धकेलिएको छ ।


## जनहितमा जारी

- ❖ बिना अनुमति बोडिङ नगनुहोस्।
- ❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- ❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- ❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- ❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- ❖ गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- ❖ अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- ❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- ❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- ❖ पानीको सिइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- ❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- ❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- ❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



सम्सी गाउँपालिका,महोत्तरी


## सुनसरी-१ मा हर्कराज राई विजयीः सडकदेखि सदनसम्मको यात्रा

टक नेपाल



सुनसरी निर्वाचन क्षेत्र नम्बर १ बाट श्रमसंस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (साम्पाङ) फराकिलो मतान्तरले विजयी हुनुभएको छ।

राईले ३५ हजार ७ सय ४१ मत प्राप्त गर्नुभएको छ भने उहाँको निकटतम प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की उम्मेदवार गोमा तामाङले २७ हजार २ सय ४९ मत प्राप्त गर्नुभएको छाराई ८ हजार ४ सय ९२ बढि मतान्तरले विजयी हुनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टीका उम्मेदवार सूर्यबहादुर भट्टराईले ६ हजार १ सय ८५ मत प्राप्त गर्नुभएको छ। नेकपा (एमाले) का उम्मेदवार टिकाराम लिम्बुले ६ हजार ४ सय ६३ मत प्राप्त गर्नुभएको छ भने नेपाली कांग्रेसका उम्मेदवार सुजेन्द्र तामाङले ३ हजार ९ सय ७० मत प्राप्त गर्नुभएको छ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार सुनसरी-१ मा कुल १ लाख ५० हजार ३ सय ९३ मतदाता रहेका छन्। कुल मतमध्ये ४७ हजार ९ सय ८ महिला र ४० हजार ४ सय ६४ पुरुष मतदाताले मतदान गरेका छन्।

सुनसरी १ को कुल मतमध्ये ८७ हजार ४ सय ७१ मत खसेको थियो। जसमा ४ हजार ३ ८९ मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ।

सामाजिक अभियन्ताका रूपमा पहिचान बनाएका राई अहिले संघीय संसदसम्म पुग्नुभएको छ। स्थानीय मुद्दा उठाउँदै आउनुभएको उहाँले निरन्तर संघर्ष र जनसमर्थनको आधारमा धरानको स्थानीय राजनीतिदेखि राष्ट्रिय राजनीतिसम्मको यात्रा तय गर्नुभएको हो।

लाहुरे परिवारमा जन्मिनुभएको राईले खोटाङको कोपिलासगढी गाउँपालिका-खार्ताम्छामा प्रारम्भिक शिक्षा हासिल गर्नुभएको थियो। प्रवेशिका उत्तीर्ण गरेपछि उहाँ २०५६ सालतिर धरान झर्नुभएको हो। धरानस्थित महेन्द्र बहुमुखी क्याम्पसबाट राजनीति र समाजशास्त्र विषयमा स्नातक तहसम्म अध्ययन गर्नुभएको छ।

२०७२ सालमा धरान-१० स्थित धनकुटे रोड हुँदै चतरातर्फ सडक विस्तार गर्ने क्रममा स्थानीयवासी विस्थापित हुनुपर्ने अवस्था आएपछि राईले पीडितसँग मिलेर आन्दोलन गर्नुभएको थियो। त्यही आन्दोलनबाट उहाँ सामाजिक अभियन्ताका रूपमा चिनिन थाल्नुभएको हो।

गत २०७९ सालको स्थानीय तह निर्वाचनमा राई धरान उपमहानगरपालिकाको नगर प्रमुखमा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित हुनुभएको थियो । त्यससँगै धरानले पहिलो पटक स्वतन्त्र नगर प्रमुख पाएको थियो ।

नगरप्रमुख बनेपछि उहाँले श्रमदानको पुनः विकास गर्नुभई विभिन्न अभियान श्रमदान मार्फत सुरु गर्नुभएको थियो । उहाँको पहलमा धरान-२० स्थित कोकाहा खोलाबाट पानी ल्याउने अभियानअन्तर्गत ९८ दिनमा श्रमदानमार्फत धरानमा पानी ल्याउन सफल भएको थियो ।यस अभियानले राईलाई थप व्यापक जनसमर्थन दिलाएको थियो ।

स्थानीय विकास, खानेपानी, सरसफाइ र सडक सुधारका मुद्दामा सक्रिय रहँदै उहाँले २०८२ सालको प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिनुभएको थियो ।निर्वाचनमा उहाँले निकटतम प्रतिस्पर्धी गोमा तामाङलाई पछि पार्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।

राईको यस राजनीतिक यात्रा सामाजिक अभियान, सडक आन्दोलन, स्वतन्त्र नगर प्रमुख हुँदै संघीय संसदसम्म पुगेको छ ।


## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

बर्दिबास नगरपालिका , महोत्तरी, मधेश प्रदेश


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014